आज मिति २०७७ असोज ६ गते मंगलबारको दिन बिहान ७:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ९२ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री शिवभक्ति बलामी (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शंकरमान महर्जन (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री राज कुमार लामा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री कविता खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री मिना मगर | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री राजेश परियार | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री लक्ष्मी भण्डारी | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री शारदा आचार्य | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री काजी कुमार पोखरेल | सचिव | |

**सचिवालय कर्मचारी** :-

१. श्री दिपक कुमार के.सी. (योजना, अनुगमन तथा प्रशासकीय अधिकृत)
२. श्री गणेश गुरुङ (लेखा अधिकृत)
३. श्री ननिता खत्री (निर्णय टाईपमा सहयोग गर्ने कर्मचारी)

मिति २०७७/६/५ गते नगर प्रमुखज्यूबाट मिति २०७७/६/६ गते नगर कार्यपालिकाको ९२ औं कार्यपालिका बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | कानूनमा भएको व्यहोरा | निर्णय हुनुपर्ने व्यहोरा |
|---|---|---|---|
| १. | ५ बेडको अस्पताल सञ्चालन सम्बन्धमा ।<br>प्रतिलिपि प्रमाणित<br>(दिपक कुमार के.सी.)<br>यो.अ.तथा प्र.अधिकृत | | • विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड - १९) को संक्रमण फैलने क्रम अझै बढ्दो क्रममा रहेको अवस्थामा संक्रमित बिरामीहरुलाई राख्न अस्पताल तथा बेडको अभाव देखिन गई अस्पताल नभएका ६४९ स्थानिय तहहरुमा एक स्थानिय तहमा कम्तिमा ५ बेडको अस्पताल सञ्चालनका लागी आवश्यक बेड लगायत उपकरण र जनशक्ति व्यवस्थापनका लागी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नीति तथा योजना शाखाको च.नं.१२६, मिति २०७७/५/२३ गतेको पत्रानुसार र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, आर्थिक प्रशासन शाखाको च.नं.५१, मिति २०७७/५/२३ को पत्रानुसार स्थानिय तहमा कोभिड - १९ अस्थाई अस्पताल सञ्चालन सम्बन्धी मार्गदर्शन, २०७७ प्राप्त भएको हुदाँ यस नगरपालिकाको आ.ब.०७७/०७८ को नीति तथा कार्यक्रममा यस नगर अन्तर्गतको चाल्नाखेल प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नती गरी नगर अस्पताल बनाउने नीति लिएकोले नगरबासीहरुको स्वास्थ्यलाई मध्यनजर गरी स्वास्थ्य सेवा बिस्तार गर्न पाँचौ नगर सभाले लिएको नीति अनुसार चाल्नाखेल प्राथमिक स्वास्थ्य केन्द्रलाई नगर अस्पतालमा स्तरोन्नती गरी चाल्नाखेल अस्पताल नामाङ्करण गरी अस्पताल सञ्चालन गर्ने । उक्त अस्पताल सञ्चालनको लागी आवश्यक जनशक्ति खुला प्रतिस्पर्धाको आधारमा करार सेवामा लिने । |
| २. | निर्माणमुखी खानिजन्य स्रोतको मौज्दात व्यवस्थापन सम्बन्धमा । | | • यस नगरपालिका क्षेत्र भित्र रहेका खानी/क्रसर उद्योगहरुले गत आ.ब.मा निर्माणमुखी खनिज पदार्थ उत्पादन गरी कोभिड - १९ को रोकथाम तथा नियन्त्रणका लागी भएको लकडाउनका कारणले निकासी हुन नसकि उद्योग क्षेत्रमै मौज्दातमा रहेको निर्माण सामग्री प्राविधिक प्रतिवेदनको आधारमा निश्चित अवधि तोकी यस नगरपालिकाको आर्थिक ऐन, २०७७ मा तोकिए बमोजिमको राजश्व संकलन गर्ने गरी बिक्रि वितरणका लागी अनुमति दिने । |
| ३. | वडा स्तरिय प्रशासनिक खर्च सम्बन्धमा । | | • यस नगरपालिकाबाट अन्तर्गतका वडा कार्यालयहरुमा प्रशासनिक खर्चको लागी पठाउने तोकिएको बजेट चियापान तथा अतिथि सत्कारमा समेत खर्च गर्न सकिने । |
| ४. | आयोजनाको म्याद थप सम्बन्धमा । | | • यस दक्षिणकाली नगरपालिकाद्वारा आ.ब.०७६/०७७ मा सञ्चालन गर्नको लागी सम्झौता भई कोभिड - १९ को रोकथाम तथा नियन्त्रणका लागी भएको लकडाउनका कारण तोकिएको समयमानै सम्झौता बमोजिमको काम सम्पन्न हुन नसकेको आयोजनाहरुको लागी संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४६, मिति २०७७/५/८ को पत्रानुसार नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/३/२९ को निर्णयानुसार कोभिड - १९ को संक्रमणका कारण घोषणा गरिएको लकडाउन |

| | | | |
|---|---|---|---|
| | | | अवधिमा सम्झौताको म्याद समाप्त भएका वा सो अवधिमा सम्झौता भई कार्य सम्पन्न हुन नसकेका योजना/कार्यक्रमहरुको बढिमा ६ महिना म्याद थप गर्न सकिने व्यवस्था भए अनुरुप यस नगरपालिकाबाट गत आ.ब.०७६/०७७ मा सम्झौता भई फछ्र्यौट हुन बाँकी योजना/कार्यक्रमहरुको २०७७ पुष मसान्त सम्मको लागी म्याद थप गर्ने । |
| ५. | चाल्नाखेल हबेली चौर खेल मैदानको माटो व्यवस्थापन सम्बन्धमा ।<br>प्रतिलिपि प्रमाणित<br>(दिपक कुमार क.सा.)<br>यो.अ.तथा प्र.अधिकृत | | • दक्षिणकाली न.पा.१ नं. वडा कार्यालय, चाल्नाखेलको च.नं.२०७, मिति २०७७/०६/०२ को पत्रानुसार उक्त वडा स्थित हबेली खेल मैदान संरक्षण र सुधारको लागी आ.ब.०७६/०७७ मा वडा स्तरिय योजना अन्तर्गत रु.५,००,०००।- (पाँच लाख) विनियोजन भई आयोजना सञ्चालनको क्रममा उक्त खेल मैदान सम्याउदा निस्किएको माटो व्यवस्थापन गर्नको लागी राजश्व संकलन प्रक्रिया अघि बढाउन लेखी आएकोमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा २(घ) (६) मा व्यवस्था भए बमोजिम तथा दक्षिणकाली नगरपालिकाको ढुंगा, बालुवा, माटो जस्ता खानी जन्य वस्तुको व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुदाँ ४ अनुसार यस नगरपालिका क्षेत्र भित्र सार्वजनिक (खेलकुद मैदान) निर्माणको क्रममा निस्किएको माटोलाई व्यवस्थापन गर्न कार्य जिम्मेवारी दिईएको १५ (पन्ध्र) दिन भित्र यस नगरपालिकाको आर्थिक ऐन, २०७७ मा तोकिए बमोजिमको राजश्व नगरपालिकाबाट कर्मचारी खटाई संकलन गर्ने र उक्त माटो व्यवस्थापनको लागी दक्षिणकाली न.पा.१ नं. वडा कार्यालयको च.नं.२२८, मिति २०७७/०६/०६ को पत्रानुसार माटोलाई व्यवस्थापन गर्ने कार्य दक्षिणकाली न.पा.१ नं. वडा कार्यालयलाई जिम्मेवारी दिने । |
| ६. | वडा समितिको बैठक भत्ता सम्बन्धमा । | | • बागमती प्रदेश, आन्तरिक मामिला तथा कानुन मन्त्रालयद्वारा जारी गरीएको स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐनको अनुसुची १.क (ख) बमोजिम नगरपालिकाका वडा अध्यक्ष तथा सदस्यहरुले प्रति महिना ४ वटा सम्म बैठकको प्रति बैठक प्रति सदस्य रु.१,०००।- (एक हजार) का दरले भत्ता प्राप्त गर्ने व्यवस्था भए अनुरुप वडा कार्यालय मार्फत् सेवा प्रवाह गर्ने क्रममा आवश्यकता अनुरुप वडा समितिको बैठक बस्नु पर्ने र उक्त बैठकको सदस्य सचिवको रुपमा वडा सचिवले कार्य गर्ने भएको हुदाँ वडा समितिको बैठक भत्ता बापत वडा समितिका पदाधिकारीहरुलाई बैठक भत्ता उपलब्ध गराउदाँ वडा सचिवलाई पनि आ.ब.०७७/०७८ देखी लागु हुने गरी प्रति महिना ४ वटा सम्म बैठकको प्रति बैठक रु.१,०००।- (एक हजार) का दरले बैठक भत्ता उपलब्ध गराउने । |